# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- २२

मिति:- २०८२।०३।२७ गते शुक्रबार

बैठक प्रारम्भ:- विहान ७:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको २२ औं बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- २२

मिति:- २०८२।०३।२७ गते शुक्रबार

बैठक प्रारम्भ:- विहान ७:०० बजे

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. आर्थिक विधेयक सम्बन्धमा ।

३. आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

४. विनियोजन विधेयक सम्बन्धमा ।

५. करार सेवाका कमर्चारीको म्याद थप तथा जिम्मेवारी हेरफेर सम्बन्धमा ।

६. योजना तथा कार्यक्रमको दायित्व सार्ने एवं म्याद थप सम्बन्धमा ।

७. कार्यालय प्रयोजनका लागि लिएका घरभाडाको म्याद थप सम्बन्धमा

८. संघ संस्थाहरुको वार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा

९. निर्णय अनुमोदन सम्बन्धमा ।

१०. विविध

क.धन्यवाद सम्बन्धमा



द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

मितिः- २०८२।०३।२७ गते शुक्रबार

बैठक प्रारम्भः- विहान ७:०० बजे

## निर्णयहरु

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२असार ८ गते बसेको २१ औं कार्यपालिका बैठकको समिक्षा गर्दा सबै प्रस्तावहरु कार्यान्वयन भएको व्यहोरा कार्यपालिका बैठकमा जानकारी गर्ने निर्णय गरियो।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को आर्थिक विधेयक,२०८२ बैठकमा पेश भई सुझाव सहित स्वीकृतीका लागि गरि १७ औं नगरसभा वर्षे अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ प्रस्तुत विषयमा छलफल गर्दा चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नगर,वडा तथा विषयगत शाखाबाट पेश भएको वार्षिक बजेट तथा कार्यक्रम कार्यपालिका बैठक छलफल गरि स्वीकृतिका लागि नगरसभाबाट पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को विनियोजन विधेयक,२०८२ बैठकमा पेश भई सुझाव सहित स्वीकृतीका लागि गरि नगरसभा वर्षे अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ चैनपुर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत अस्थायी, करार सेवा तथा विभिन्न परियोजना अन्तर्गत कार्यरत कर्मचारीहरुमध्ये प्रधानमन्त्री रोजगार सहायक, अपाङ्गता रोकथाम तथा पूर्नस्थापना कार्यक्रम तर्फका कर्मचारीहरुको माथीबाट तलव भत्ता प्राप्त नभएको साथै मेड्पा तर्फका कर्मचारीको काम सन्तोषजनक नभएकोले निज समेतका कर्मचारीलाई करार संझौता थप नगरि अन्य कर्मचारीहरुको आवश्यकताको आधारमा २०८२ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो । साथै कर्मचारीहरुको जिम्मेवारी हेरफेरका सम्बन्धमा प्रमुख प्रशासकिय अधिकृत, उपप्रमुख तथा प्रमुखज्यूको समन्वयमा गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ प्रस्तुत सम्वन्धमा चैनपुर नगरपालिकाबाट आर्थिक वर्ष २०८१।०८२ संझौता भई यस आर्थिक वर्ष भित्र निर्माण सम्पन्न नभएका नगरपालिकाको गौरव तथा महत्वका योजनाहरुलाई आर्थिक वर्ष २०८२।२०८३ भित्र निर्माण सम्पन्न गर्नका लागि तपसिल अनुसारका योजना तथा कार्यक्रमको दायित्व सार्ने एवं म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजना/ कार्यक्रमको नाम |
|---|---|
| १ | खरांग-सालडाँडा हुदै सातटारे जाने सडक निर्माण |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व.२०८१/०८२ को का.पा. बैठक संख्याः- २२

मितिः- २०८२।०३।२७ गते शुक्रबार

बैठक प्रारम्भः- विहान ७:०० बजे

| | |
|---|---|
| २ | Construction of Municipality Office BUILDING TOP FLOOR TRUSS WORK |
| ३ | करंगे तित्रेबेसी हेवाखोला सडक ट्र्याक ओपन |
| ४ | कृषि सडक स्तरोन्नति वडा-४ |

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ उपर छलफल गर्दा चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्था संचालनको क्रममा नगरपालिकाको स्वामित्वमा पर्याप्त मात्रामा भवन नभई कार्यालय संचालनका लागि भाडामा लिएका घरहरुको म्याद थप मिति २०८३ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ प्रस्तुत प्रस्तावमा छलफल गर्दा चैनपुर नगरपालिका भित्र कार्यक्षेत्र भई परियोजना तथा कार्यक्रम संचालन गर्ने अन्तरराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय संघसंस्थाहरुले पेश गरेको वार्षिक कार्ययोजना बैठकमा छलफल गरि स्वीकृतिका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९.** प्रस्ताव नं. ९ चैनपुर नगरपालिकाको नगर कार्यपालिका बैठक, नगर प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतको तहबाट तोके आदेशमा गरिएका आर्थिक तथा प्रशासिकय सम्पूर्ण निर्णयहरु अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० विविध**

क. चैनपुर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएकोमा प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य लगायत सम्पूर्ण जनप्रतिनिधिज्यू तथा राष्ट्सेवक कर्मचारी आम चैनपुर नगरवासी सम्पूर्ण महानुभावहरु एवं पत्रकार सरोकारवाला सबैलाई धन्यवाद सहित आगामी वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनमा समेत सहयोग अपेक्षा गरेका छौं ।



दृष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।